स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल

Independent Power Producers' Association, Nepal

# News Clips

www.ippan.org.np



annapurnapost.com
अन्नपूर्ण पोस्ट
वर्ष २२, अंक ३१९ पृष्ठ ८ | काठमाडौं, मंगलबार १३ चैत २०८० | चैत्र कृष्णपक्ष प्रतिपदा, नेपाल संवत् ११४४ | TUESDAY, MARCH 26, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

# सरकार जलविद्युत्‌का समस्या ‘समाधानमा अग्रसर’



**काठमाडौं** (अन्नपूर्ण) : ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेतले जलविद्युत् उद्योगमा समस्या जन्माउने उद्देश्य सरकारको नभएको बताएका छन्।

इप्पानले सोमबार आयोजना गरेको वातावरणीय प्रभाव मूल्यांकन प्रक्रिया र दीर्घकालीन महत्त्व विषय अन्तरक्रिया कार्यक्रममा बोल्दै मन्त्री बस्नेतले समस्या जन्माउने भन्दा पनि समाधानमा सरकार अग्रसर भएको स्पष्ट पारे। सरकारले केही गरेन भनेर बाहिर बहस र छलफल गर्ने भन्दा पनि एक आपसमा समन्वय गरी समाधानको बाटोमा जानु आजको आवश्यकता भएको मन्त्री बस्नेतले औंल्याए। मन्त्री बस्नेतले जलविद्युत् क्षेत्रमा देखिएका नीतिगत, वन तथा वातावरण क्षेत्रमा समस्या समाधान गरेर लैजाने सरकारको योजना रहेको बताए। उनले पछिल्लो ८ वर्षमा २५ सय मेगावटा विद्युत् उत्पादन भएको र अबको १२ वर्षमा २८ हजार विद्युत् उत्पादन गर्ने गतिमा सरकार अघि बढेको बताउँदै निजी क्षेत्र निराश हुनुपर्ने अवस्था नभएको दाबी गरे।

कार्यक्रममा पूर्वाधार विकास समितिका सभापति दीपकबहादुर सिंहले जलविद्युत्‌का समस्या समाधान गर्ने गरी नयाँ विद्युत् विधेयक ल्याउन लागिएको जानकारी दिए। ७० लाख सेयर लगानीकर्ता र हाइड्रो व्यवसायीको हितलाई पहिलो प्राथमिकता राखेर नयाँ विधेयक आउने उनको भनाइ थियो।

इप्पानका अध्यक्ष गणेश कार्कीले सरकारले आयोजना स्वीकृत दिने तर अर्को निकायले आयोजना खारेज गर्दा जलविद्युत्‌को विकास हुन नसक्ने बताए। उनले जलविद्युत् विकासका लागि ऊर्जा मन्त्रालय बलियो हुन आवश्यक रहेको औंल्याए।

हाम्रो गौरव, राष्ट्रको पत्रिका

गोरखापत्र

सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः । सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःखभाग्जनः ।

# औद्योगिक क्षेत्रमा ‘आधा दिन लोडशेडिङ’

प्रशान्त खड्का

काठमाडौँ

मोरङको बूढीगंगा-४ स्थित एजिस प्लास्टिक प्रालिले आफ्ना कामदारलाई दिउँसो र राति गरी दुई सिफ्टमा काम लगाउँदै आएको थियो । दिनमा २२ घण्टासम्म उद्योग चलाउँदै आएको कम्पनीले केही दिनयता लामो समय बिजुली जान थालेकाले कामदारलाई नियमित काममा लगाउन पाएको छैन ।

‘अहिले दिनमा १२ घण्टा अघोषित लोडशेडिङ भइरहेको छ,’ उद्योग सञ्चालक अंकित खड्गीले आर्थिक अभियानसँग भने, ‘जसले गर्दा मैले २० जना कामदार हटाउनुपर्‍यो ।’ कामदार हटाउनुअघि ६० जनाले आफ्नो उद्योगमा रोजगारी पाइरहेको खड्गीले बताए ।

उनका अनुसार गत सातादेखि लोडशेडिङ बढ्न थालेको हो । भारतले इन्डियन इनर्जी एक्सचेन्जबाट (आईईएक्स) नेपाललाई बिजुली किन्न दिने सम्झौताको म्याद नवीकरण गर्दा दिनमा मात्र बिजुली उपलब्ध गराउने शर्त राखेको छ । तीन महीनाको सम्झौता नवीकरण गरेलगत्तै भारतले नेपाललाई बिहान ६ देखि साँझ ६ बजेसम्म मात्र बिजुली दिइरहेको छ । भारतले ५५४ मेगावाट मात्र दिने गरी सम्झौता नवीकरण गरेको पनि नेपाल विद्युत् प्राधिकरणले जानकारी दिएको छ । यसअघि भारतबाट चौबीसै घण्टा र आवश्यकताअनुसार बिजुली आयात गर्न पाइन्थ्यो ।

भारतले साँझ ६ बजेपछि बिजुली दिन छाडेपछि प्राधिकरणलाई पिक आवर (धेरै माग हुने समय) मा बिजुली व्यवस्थापन गर्न गाह्रो भएको छ । प्राधिकरणका अनुसार अचेल पिक आवरमा बिजुली माग १ हजार ८०० मेगावाटभन्दा बढी छ । तर, देशमा सञ्चालित विद्युत् आयोजनाबाट अचेल हजार मेगावाट मात्र उत्पादन भइरहेको छ । वर्षायाममा क्षमताअनुसार नै बिजुली उत्पादन हुने गरे पनि हिउँदमा नदी प्रवाहमा आधारित जलविद्युत् परियोजनाहरूले क्षमताको एक तिहाइ जति मात्र उत्पादन गर्छन् । यसो हुँदा वर्षामा बिजुली निर्यात गर्न सक्ने नेपालले हिउँदामा घरेलु माग धान्न भारतको भर पर्नुपर्छ ।

भारतले बेलुका बिजुली नदिएपछि प्राधिकरणले औद्योगिक क्षेत्रमा हुने आपूर्ति कटौती गरेको हो । ‘प्राधिकरणले पहिलेदेखि नै उद्योगहरूमा बिहान र बेलुका ४/४ घण्टा गरी दिनमा ८ घण्टासम्म लोडशेडिङ गर्दै आएको थियो । भारतले राति बिजुली दिन छाडेपछि दिउँसो र राति गरी थप ४ घण्टा लोडशेडिङ गर्न थालेको छ,’ उद्योग संगठन मोरङका अध्यक्ष राकेश सुरानाले आर्थिक अभियानसँग भने ।



- सम्झौता नवीकरणलगत्तै भारतबाट राति बिजुली आउन बन्द
- अर्को साताबाट केही औद्योगिक क्षेत्रमा विद्युत् वितरण झनै चुनौतीपूर्ण हुनसक्ने
- हिउँ पग्लेर नदीमा पानी बढेपछि नदी प्रवाही आयोजनाको उत्पादनमा केही सुधार

प्राधिकरणले घोषित रूपमा लोडशेडिङ नभने पनि तराईका प्रमुख औद्योगिक क्षेत्रमा बिजुली कटौती गर्दै आएको छ । मागअनुसार धेरै बिजुली बोक्न सक्ने प्रसारण लाइनको अभावमा चाहेर पनि मागअनुसार आपूर्ति गर्न नसकेको प्राधिकरणले बताउँदै आएको छ ।

उद्योगीका अनुसार प्राधिकरणले लोडशेडिङको निश्चित तालिका नदिँदा कुन बेला उद्योग चलाउने र कुन बेला नचलाउने अन्योल भएको छ । ‘कारखानाका मेशिन चल्दाचल्दै बत्ती जाने समस्याले गर्दा उद्योगहरूले ठूलो नोक्सानी बेहोर्नुपरेको छ,’ सुरानाले भने ।

मोरङ-सुनसरी औद्योगिक कोरिडोरमा प्लास्टिक उद्योग सञ्चालन गर्दै आएका सुरानाले एकपटक बत्ती जाँदा मेशिनमा भएको सबै प्लास्टिक बिग्रने गरेको बताए । ‘मेशिन फेरि तताउन ४ घण्टासम्म लाग्छ,’ उनले भने ।

यो समस्या खड्गीले पनि भोग्दै आएका छन् । ‘मेशिन चल्दाचल्दै बत्ती गएपछि त्यसमा भएको सबै प्लास्टिक फाल्नुपर्ने हुन्छ । १० मिनेट बत्ती गइसकेपछि फेरि मेशिन तताउन ४० मिनेट लाग्छ । जब मेशिन तात्छ, फेरि बत्ती गइदिने हो कि भन्ने डर पनि हुन्छ । यस्तो अवस्थामा कसरी उद्योग चलाउने ?’ खड्गीले गुनासो पोखे, ‘बरु कतिदेखि कति समय बत्ती नआउने हो तालिका सार्वजनिक गरिदिए ठीक हुन्थ्यो ।’ राष्ट्रिय तथ्यांक कार्यालयले गरेको राष्ट्रिय औद्योगिक सर्वेक्षण २०७६ अनुसार कोशी प्रदेशमा ११ हजार ६२६ उत्पादनमूलक (म्यानुफ्याक्चरिङ) उद्योग दर्ता छन् । ती उद्योगमा ६७ हजार ९४४ कामदार कर्मचारीले रोजगारी पाएका छन् । मोरङ-सुनसरी औद्योगिक कोरिडोरमा मात्र नभएर अन्य औद्योगिक कोरिडोरमा पनि लोडशेडिङ बढ्न थालेको उद्योगीहरूको भनाइ छ ।

बारा-पर्सा औद्योगिक कोरिडोरमा पनि हिउँद लागेदेखि बिजुली कटौती हुन थालेको हो । राति भारतले बिजुली नदिएपछि यहाँका उद्योगले थप विद्युत् कटौती झेल्नुपरेको छ । औद्योगिक नगरी वीरगञ्ज पनि यही औद्योगिक कोरिडोरमा पर्छ ।

वीरगञ्ज उद्योग वाणिज्य संघका अध्यक्ष अनिल अग्रवालले अचेल औद्योगिक क्षेत्रमा लामो समय विद्युत् कटौती हुने गरेको गुनासो पोखे । त्यस क्षेत्रका उद्योगले पनि आधा दिन बिजुली नपाउने गरेको उनले बताए ।

‘केही दिन अघिसम्म दैनिक ८ घण्टासम्म लोडशेडिङ हुने वीरगञ्ज औद्योगिक क्षेत्रमा अहिले फेरि ४ घण्टा थपिएको छ । बिहान र बेलुका ४/४ घण्टा बिजुली कटौती पहिलेदेखि नै थियो,’ अग्रवालले भने ‘अहिले फेरि दिउँसो र राति झ्याप्प झ्याप्प लाइन जाने क्रम बढेको छ । कति बेला बत्ती जान्छ भन्ने कुराको टुंगो नै छैन । यसले गर्दा उद्योगहरूमा ठूलो नोक्सानी भइरहेको छ ।’

वीरगञ्ज क्षेत्रका सिमेन्ट, स्टील, प्लास्टिकलगायत सबैखाले उद्योगको उत्पादन क्षमता ७० देखि ७५ प्रतिशतसम्मले घटेको र यसमा लोडशेडिङको पनि हात रहेको उनको भनाइ छ । बजारमा मागको अभावले पनि औद्योगिक उत्पादनमा ह्रास आएको देखिन्छ । राष्ट्रिय तथ्यांक कार्यालयले हालै सार्वजनिक गरेको तथ्यांकअनुसार चालू आर्थिक वर्ष २०८०/८१ को दोस्रो त्रैमासमा उत्पादनशील उद्योग क्षेत्रको वृद्धिदर शून्य दशमलव ४ प्रतिशतले ऋणात्मक भएको अनुमान छ ।

बिजुली आपूर्तिमा प्राधिकरणले उद्योगको तुलनामा घरायसी उपभोक्तालाई बढी प्राथमिकता दिने गरेको छ । त्यसैले प्राधिकरणले पिक आवरमा उद्योग नचलाउन व्यवसायीलाई अनुरोध गरेको अग्रवालले बताए । प्राधिकरण प्रवक्ता चन्दनकुमार घोपले अर्को साताबाट केही औद्योगिक क्षेत्रमा विद्युत् वितरण झनै चुनौतीपूर्ण हुनसक्ने बताए । तर, नदीमा पानी सतह बढ्न थालेकाले धेरै समय समस्या भोग्न नपर्ने घोपको अनुमान छ ।

एक साताअघि देशका विभिन्न ठाउँमा वर्षा भएको थियो । साथै हिउँ पग्लेर नदीमा पानीको सतह केही बढेकाले नदी प्रवाहमा आधारित (रन अफ द रिभर) आयोजनाबाट बिजुली उत्पादन बढेको प्राधिकरणले बताएको छ । यसैका आधारमा प्राधिकरणका अधिकारीहरूले हालको समस्या धेरै समय नरहने अनुमान गरेका हुन् ।

देशभित्र कुलेखानीबाहेक अन्य जलाशययुक्त (स्टोरेज) जलविद्युत् परियोजना सञ्चालनमा छैन । कुलेखानीका तीनओटा परियोजनाको क्षमता १०६ मेगावाट छ । सोलारलगायत अन्य ऊर्जा स्रोतहरूको योगदान पनि नगन्य छ । यस्तो स्थितिमा जुनसुकै प्रकारको विद्युत् परियोजनाको उत्पादन बढाउने र सोलारको उत्पादन पनि बढाउने रणनीति प्राधिकरणले लिएको छ ।


हिउँदमा आन्तरिक उत्पादन बढाउन २ हजारदेखि २२ सय मेगावाटसम्मका सोलार प्लान्ट थप्न लागेको प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले शनिवार वीरगञ्जमा बताए ।

लोकप्रिय राष्ट्रिय दैनिक

# राजधानी

www.rajdhanidaily.com

# 'जलविद्युत् उद्योगमा समस्या जन्माउने सरकारको उद्देश्य होइन'




**राजधानी समाचारदाता**

काठमाडौँ

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेतले जलविद्युत् उद्योगमा समस्या जन्माउने उद्देश्य सरकारको नभएको स्पष्ट पारेका छन्।

सोमबार स्वतन्त्र ऊर्जा उत्पादक संस्था, नेपाल (इप्पान)ले आयोजना गरेको वातावरणीय प्रभाव मूल्यांकन प्रक्रिया र दीर्घकालीन महत्त्व विषय अन्तरक्रिया कार्यक्रममा मन्त्री बस्नेतले यस्तो बताएका हुन्।

उनले सरकारले केही गरेन भनेर बाहिर बहस र छलफल गर्ने भन्दा पनि एकआपसमा समन्वय गरी समाधानको बाटोमा जानु आजको आवश्यकता भएको बताए। जलविद्युत्को विकासका लागि समस्या बल्झाउने र जन्माउने मात्रै नभएर समस्या बाँकी राख्ने उद्देश्य सरकारको नभएको स्पष्ट पार्दै उनले जलविद्युत् क्षेत्रमा देखिएका नीतिगत, वन तथा वातावरण क्षेत्रमा देखिएका समस्यासमेत समाधान गरेर लैजाने सरकारको योजना रहेको बताए।

उनले सरकार र निजी क्षेत्रबीच आरोप प्रत्यारोप गर्नुभन्दा पनि आपसी समन्वय गरेर अघि बढ्दा मात्रै मुलुकमा जलविद्युत्को विकास हुने बताए। निजी क्षेत्र र राज्य निजी साझेदारीको बाटोमा जाँदा मात्रै मुलुकले समृद्धि हासिल गर्ने उनको दाबी थियो। उनले मुलुकमा जलविद्युत्को क्षेत्रबाट हेर्दा धेरै आशावादी हुने ठाउँ रहेको बताए।

उनले पछिल्लो आठ वर्षमा २५ सय मेगावाट विद्युत् उत्पादन भएको र अबको १२ वर्षमा २८ हजार विद्युत् उत्पादन गर्ने गतिमा सरकार अघि बढेकाले निजी क्षेत्र निराश हुनुपर्ने अवस्था नभएको दाबी गरे। निजी क्षेत्र सरकारसँग आशावादी भएर समन्वय र सहकार्यमा अघि बढ्न उनले आग्रह गरे।

उनले जलविद्युत् आयोजना निर्माणमा असैले पनि असयोग गर्न नहुने भन्दै विकास गर्नेले स्थानीय वातावरणको विषय र वन तथा प्राकृतिक वातावरणको संरक्षण गर्नेले विकासको महत्त्व बुझ्न जरुरी रहेको बताए।

इप्पानका अध्यक्ष गणेश कार्कीले सरकारले आयोजना स्वीकृत दिने तर अर्को निकायले आयोजना खारेज गर्दा जलविद्युत्को विकास हुन नसक्ने बताए। उनले विद्युत् विकासको लागि विद्युत् उत्पादन प्रक्रियामा व्यवसायीले खर्च गरेपछि राष्ट्रिय निकुञ्जले जलविद्युत् आयोजना बनाउन नपाउनेभन्दा व्यवसायी पलायन हुने अवस्था रहेको बताए।

उनले विद्युत् बनाउन बाटो बनाई जग्गा खरिद गरेर व्यवसायीले धालनी गरेपछि आयोजना बनाउन नपाउँदा व्यवसायीहरू पीडित रहेको बताए। अध्यक्ष कार्कीले राज्यको नीतिका कारण जलविद्युत् व्यवासायी पनि अहिले सहकारीका सञ्चालक भागे जस्तै भाग्ने अवस्था रहेको बताए।

ऊर्जा मन्त्रालय विद्युत् विकास गर्ने भनेर अघि बढ्ने तर सम्बन्धित निकायबाट बाधा अड्चन हुँदा समस्या हुने भन्दै उनले जलविद्युत् विकासका लागि ऊर्जा मन्त्रालय बलियो हुन आवश्यक रहेको बताए। अध्यक्ष कार्कीले निजी क्षेत्र सरकारले लिएको जलविद्युत् उत्पादनको लक्ष्यमा सहयोग गर्न तयार रहेको बताए।

उनले जलविद्युत् उत्पादकलाई वनको कारण पक्राउ पुर्जी आउन थालेकाले पनि व्यवसायीको मनोबल कमजोर भएको बताए। उनले ऊर्जा व्यवसायीलाई पक्राउ पुर्जी जारी हुदाँ व्यवसायीले जलविद्युत् उत्पादन गर्दै हिंड्ने वा भाग्दै हिंड्ने अवस्था सिर्जना भएको बताए। उनले ऊर्जा क्षेत्रका बाधकका रूपमा रहेका नीतिगत अवरोध सुधार अहिलेको आवश्यकता रहेको बताए।

karobar कारोबार

# 'विद्युत विधेयक व्यवसायीको हितमा अघि बढ्छ'



काठमाडौं- ७० लाख सेयर लगानीकर्ता र हाइड्रो व्यवसायीको हितलाई पहिलो प्राथमिकतामा राखेर विद्युत विधेयक अगाडि बढ्ने पूर्वाधार विकास समितिका सभापति दीपकबहादुर सिंहले बताएका छन्।

सोमबार हाइड्रो व्यवसायीहरुको छाता संगठन स्वतन्त्र ऊर्जा उत्पादकहरुको संस्था (इप्पान)ले आयोजना गरेको वातावरणीय प्रभाव मूल्यांकन प्रक्रिया र दीर्घकालिन महत्वको अन्तरक्रिया कार्यक्रममा सभापति सिंहले विद्युत विद्येयक लगानीकर्ता र हाइड्रो व्यवसायीहरुको हितमा ल्याउने बताएका हुन्। उनले भने, 'जलविद्युतमा व्यवसायीमात्रै नभएर ७० लाख सर्वसाधारण लगानीकर्तासमेत छन्। सवैको हितमा हुने गरी विधेयक अघि बढ्नेछ।'

सभापति सिंहले व्यवसायीहरुले घर, खेत धितो राखेर उद्योग सञ्चालन गरिरहेको भन्दै सरकारले लगानीमैत्री वातावरण तयार नगर्दा पलायन हुनुपर्ने अवस्था आउन सक्ने बताए। 'मुलुकको हित र भएका उद्योग बचाउनको लागि पनि उद्योगी-व्यवसायी बाहेक अन्य विकल्प छैन। त्यसैले लगानीमैत्री नीति र वातावरण हुन आवश्यक छ,' उनले भने। सभापति सिंहले देशलाई उज्यालो बनाउने ऊर्जा व्यवसायी भएको भन्दै निर्माण व्यवसायीहरुको जस्तो अवस्था जलविद्युत व्यवसायीले पनि भोग्नुपरे ऊर्जा क्षेत्रको भविष्य संकटमा पर्ने बताए।

पर्याप्त जलस्रोत भएको मुलुक भएकाले यसको संरक्षण र सम्वर्द्धन गर्दै उर्जा उत्पादनमा जोड दिनुपर्ने उनको भनाइ थियो। सरकारले ८ देखि १० वटा ठूला हाइड्रोपावर बनाउन सके लाखौं युवा पलायन हुनबाट समेत रोकिने बताए। अहिलेकै अवस्थामा विदेश पलायन हुने हो भने केही वर्षमा इन्जिनियर लगायतका जनशक्ति विदेशबाट ल्याउनुपर्ने अवस्था आउने उनको भनाइ छ। व्यवसायी र युवालाई मुलुकमा रोक्ने दायित्व पनि सरकारको भएकाले निजी क्षेत्र एक ढिका हुन आवश्यक रहेकोमा उनले जोड दिए।